संघीय संसद

प्रतिनिधि सभा

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

मिति: २०८०/०९/२६, बैठक संख्या: २३

## छलफल/निर्णय

समितिको आज बसेको बैठकमा माननीय सदस्य श्री डोलप्रसाद अर्यालबाट दर्ता भएको "श्रमिकको हित विपरित हुनेगरी श्रम मन्त्रालयले गरेका निर्णयका सन्दर्भमा नीतिगत छलफल गराउने" भन्ने विषयमा प्राप्त निवेदनका सम्बन्धमा माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरतसिंह भण्डारी र सचिव श्री केवलप्रसाद भण्डारीलाई आमन्त्रण गरिएको थियो । समितिको बैठकमा प्रतिनिधि सभा नियमावली १७९ को नियम १८२ को उप नियम (१) बमोजिम समितिको बैठकको गणपुरक संख्या ५१ प्रतिशत हुनुपर्नेमा सो संख्या नपुगेकोले बैठक १५ मिनेटको लागि स्थगित गरियो। १५ मिनेट पछि बसेको बैठकमा सोही नियमको उप नियम (२) बमोजिम गणपुरक संख्या नपुग भएकोले सोही उपनियमको व्यवस्था वमोजिम एक तिहाइ सदस्यको उपस्थितिमा बैठक वस्यो ।

आजको बैठकमा माननीय श्री डोलप्रसाद अर्यालले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धित देहायका विषयमा "श्रमिकको हित विपरित हुनेगरी श्रम मन्त्रालयले गरेका निर्णयका सन्दर्भमा नीतिगत छलफल गराउन" माग गर्नु भयोः-

(१) प्रतिकामदार ४५ अमेरिकी डलर उठाउने गरी गरिएको सम्झौताबारे,

(२) श्रम मन्त्रालयले पूर्वप्रस्थान अभिमुखीकरणको तालिम शुल्क वृद्धि गरेकोबारे,

(३) अर्धदक्ष तथा दक्ष कामदारका लागि अंग्रेजी भाषा अनिवार्य गरेकोबारे,

(४) पोस्टपेड सिम अनिवार्य गर्न लागिएकोबारे,

(५) ई–७ भीसामा कोरिया पठाउन पैसा उठाउन थालिएकोबारे,

(६) वैदेशिक रोजगार कल्याणकारी कोषको रकम दुरुपयोग हुन लागिरहेकोबारे,

तत्पश्चात माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरतसिंह भण्डारी र सचिव श्री केवलप्रसाद भण्डारीले सो सम्बन्धमा समितिमा जवाफ दिनु भयो । माननीय सदस्यहरूबाट उक्त जवाफका सम्बन्धमा थप स्पष्टिकरण माग गर्नुभएपछि माननीय मन्त्री र सचिवबाट थप स्पष्टिकरण दिनु भयो ।

त्यसपछि बैदेशिक रोजगारमा जाने श्रमिकहरूको हक हितको विषयमा आज भएको छलफलको आधारमा समितिको अर्को बैठक पछि सूचना जारी गरी वस्ने गरी स्थगित भयो ।

................
(रामकुमार पौडेल)
समिति सचिव

.....................
(मा. अब्दुल खांन)
सभापति